# झापाली समाज यु.एस.ए.

## Jhapali Samaj USA


EIN 83-1946016

Exempt from Federal Income Tax Under IRS Section 501(c)(3)

16051 Dexter St., Chino, CA 91708

Tel. No. (562) 380 1006 Email: info@jhapali.org

Website: www.jhapali.org




नेपालको सवैभन्दा होचो स्थान— केचनाकवल, झापा

## पृष्ठभूमी

झापाली समाज यु.एस.ए. अमेरिकाको विभिन्न राज्यमा रहेका झापालीहरूलाई संगठीत गर्दै आफ्नो जन्मभूमीको विकासमा लाग्न प्रेरित गरी जिल्लाको सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रको विकास गर्ने उद्देश्य राखी गठित विशुद्ध गैह नाफामूलक, गैह राजनीतिक, गैह सरकारी सामाजिक संस्था हो। संस्थाको मूल लक्ष्य विशेषतः झापा जिल्ला र जिल्लावासीको सामाजिक, शैक्षिक, सांस्कृतिक, पर्यटकीय, वातावरण तथा विकास निर्माण सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने रहेको छ।

वैदेशिक रोजगार, अध्ययन, आप्रवासन तथा अन्य शिलशिलामा झापा जिल्लाबाट बिभिन्न देशमा गएका झापालीहरूद्वारा गठन गरिएको बिभिन्न देशका राष्ट्रिय समितिहरूलाई संगठीत गरी समग्र देशको विकास गर्ने महान् उद्देश्यका साथ अन्तर्राष्ट्रिय झापाली समाज (अझास) गठन गरिएको थियो। अझासको प्रमुख उद्देश्य नैं झापाबाट विश्वका विभिन्न देशमा रहेका झापालीहरूलाई संगठीत गर्दै राष्ट्रिय समितिहरू गठन गरी एकतावद्ध गराउनु रहेको छ।

सोही क्रममा अमेरिकामा रहेका झापालीहरूको सर्वप्रथम मिति २०१७ नोभेम्वर १९ आइतबारका दिन आयोजित भर्चुअल वैठकको निर्णयअनुसार २०१७ डिसेम्वर १७ मा अर्को वृहत भर्चुअल वैठक आयोजना गरिएको थियो। सो वैठकले जिल्लाको विकास निर्माणमा सहयोग गर्नका लागि अमेरिकाका विभिन्न राज्यमा रहेका सवै झापालीहरूलाई सँगठित गर्नका लागि एउटा संस्थाको आवश्यकता महशुस गरी संस्थाको विधान निर्माण, संस्था दर्ता लगायतका कार्य गर्न एक तदर्थ समिति गठन गरियो। सोही तदर्थ समितिको सकृयतामा मिति २०१८ जुलाई २३ मा झापाली समाज यु.एस.ए. (Jhapali Samaj USA) नामक संस्था अमेरिकाको क्यालिफोर्निया राज्यमा दर्ता भइ IRS बाट सेक्सन 501(c)(3) अन्तर्गत कर छुट स्टाटस प्राप्त गरी संचालनमा रहेको छ।

संस्थाको प्रमुख उद्देश्य झापाको शिक्षा र स्वास्थ्य क्षेत्रमा सहयोग गर्ने नीति अन्तर्गत काम गरिरहेको समाजको आगामी कार्यक्रम जेहेन्दार तथा गरिव विद्यार्थीहरूको शिक्षामा सहयोग पुर्याउने रहेको छ। जसका लागि समाजले शैशिक सत्र २०७८/७९ बाट **'एक व्यक्ति एक विद्यार्थी अभियान'** शुरू गरी सहयोग गर्ने योजना बनाएको छ। यो महान् कार्यमा सहभागीता जनाउनु हुनका लागि समग्र अमेरिका लगायत विश्वभरि रहेका नेपालीहरूलाई हार्दिक आग्रह गर्दछ। सुरूवाती चरणमा झापा र रौतहटका केही विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरू छनौट गरी यो अभियान शुरू गरिने छ। क्रमशः झापाका सबै विद्यालय तथा देशका थप अन्य जिल्लामा पनि यो अभियानको क्षेत्र विस्तार गरी भविश्यमा त्यस्ता विद्यार्थीहरूको पूर्ण निःशुल्क शिक्षाको लागि विद्यालय नैं सञ्चालन गरिने लक्ष्य लिइएको छ। विद्यालयलाई क्रमशः स्तरोन्तरण गरी महाविद्यालयसम्म बनाउन सकिएमा झापा जिल्ला शैक्षिक विकासमा नमुना जिल्ला बन्ने प्रशस्त सम्भावना छ।

यो अभियानमा सहभागीता जनाउन बार्षिक रूपमा $२०० (नेपाली रू. २३,०००।-) वा एकमुष्ठ $२,२०० (नेपाली रू.२५०,०००।–) अक्षयकोषमा रहने गरी सहयोग गर्नुपर्ने हुन्छ। यसका लागि एउटा वृहत् गुरूयोजनाको आवश्यकतालाई समाजले आफ्नो मूल उद्देश्यको रूपमा राखेको छ। यस कार्यका लागि जिल्लाबाट राष्ट्रिय योजना आयोगमा रहनुभएका, विभिन्न मन्त्रालयमा उच्च ओहोदामा कार्यरत व्यक्तिहरू, काठमाडौमा वसोवास गर्ने प्राध्यापक, उद्योगी, व्यापारी, कलाकार, निर्माण व्यवसायी, कानून व्यवसायी, संचारकर्मी, विभिन्न दातृ संस्थामा संलग्न तथा अन्य विभिन्न क्षेत्रमा कार्यरत अग्रज झापाली व्यक्तित्वहरूसँग मिति २०१९ अक्टोवर १९, काठमाडौमा एक अन्तरक्रिया कार्यक्रम समेत गरि सकिएको छ।

संस्थाको उद्देश्य पूर्तीका लागि अमेरिकाबाट मात्र सवै कार्य गर्न सम्भव नहुने र स्थानीयको पनि सहभागीता आवश्यकता पर्ने यथार्थतालाई महसुस गरी नेपालमा कार्यस्थलमा योजना कार्यान्वयन गर्नका लागि झापा विकास मञ्च काठमाडौ र जिल्ला सहकारी संघ झापासँग साझेदारीमा कार्यक्रम गर्ने सम्झौता गरिएको छ।

## समाजको उद्देश्यहरू:

संस्थाले झापा जिल्लाकै विकासलाई केन्द्र विन्दु मानी निम्न कार्यहरू गर्ने उद्देश्य राखेको छ।

- शैक्षिक तथा स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने।
- पुरातात्विक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्र संरक्षण तथा सम्वर्धन गर्न सहयोग गर्ने।
- खेलकुद, पर्यटन, पर्यावरण र साहित्य क्षेत्रको विकासमा सम्वन्धित क्षेत्रसँग समन्वय गरी सहयोग गर्ने।
- सूचनात्मक लेख, रचना, पुस्तक, पत्र-पत्रिका आदिको प्रकाशन तथा वितरण गर्ने साथै वृतचित्रहरू निर्माण, प्रदर्शन तथा वितरण गर्ने।
- विदेशमा अध्ययन गरेको ज्ञान, सीप तथा पूँजी जिल्लाको विकासमा परिचालन गर्ने।

## संस्थाका कृयाकलापहरू:

झापा जिल्लाको विकासमा सहयोग गर्ने उद्देश्य लिइ स्थापित यस संस्थाले हाल बिभिन्न कार्यहरू गरिसकेको छ। संस्थाको उद्देश्य पुरा गर्न चाहिने आर्थिक स्रोतको लागि **जिल्लाका लागि बार्षिक $१०० अभियान** शुरू गरेको छ। अमेरिकावासी सम्पूर्ण झापालीहरूलाई जन्मभूमीका लागि बार्षिक रूपमा कम्तीमा $१०० दिन समाजले आह्वान गरेको छ। हाल छात्रवृत्ति कार्यक्रम तथा बार्षिक $१०० अभियान अन्तर्गत जम्मा ने.रू.६०लाख नेपाल स्थित वित्तीय संस्थामा व्याज पाउने गरी जम्मा गरिएको छ। $१०० अभियान मार्फत संकलित रकमबाट संस्थाले जिल्लामा २०१९ र २०२० मा एक एकवटा एम्वुलेन्स स्थानीयसँगको संलग्नतामा सञ्चालन गरेको छ। नेपाल रेडक्रस उपशाखा शरणामती र केचनकवल गाउँपालिकाको साझेदारीमा क्रमशः झापा गाउँपालिका र केचनकवल गाउँपालिकामा २ वटा एम्वुलेन्स सञ्चालनमा रहेका छन्। दुवै एम्वुलेन्सले जिल्लाको दक्षिणी भेगका जनतालाई धेरै सहयोग पुर्याएको छ।

साथै स्वास्थ्य क्षेत्रमा नैं झापामा जनस्तरबाट निर्माण गरिएको PCR ल्याव स्थापनार्थ पनि आर्थिक सहयोग गरेको छ। कोभिड संक्रमितहरूलाइ आवश्यक विभिन्न स्वास्थ्य सामाग्रीहरू वितरण गर्न नेपाल रेडक्रस सोसाइटी, झापालाइ हस्तान्तरण गर्नुका साथै झापामा संचालित एकका लागि अभियान अन्तर्गत अक्सिजन वैंक संचालन गर्नका लागि पनि आर्थिक सहयोग गरेको छ। भविश्यमा नैं अमेरिकामा रहनुभएका मेडिकल डाक्टरहरूसँगको समन्वयमा झापा जिल्लामा टेलि हेल्थ परामर्श सेवा शुरू गर्ने योजना रहेको छ। यसको शुरूवात मेची अञ्चल अस्पताल, भद्रपुरबाट गर्ने गरी अस्पताल प्रशासन तथा भद्रपुर नगरपालिकासँग समन्वयन गर्ने काम भैरहेको छ।

संस्थाले अमेरिकामा रहेका अन्य स्थानीय संघ संस्थाहरूसँग समन्वय गरी विभिन्न सामाजिक कार्यमा सहयोग पुर्याइरहेको छ। अमेरिकामा रहेका सम्पूर्ण झापालीलाई भविश्यमा पर्न सक्ने गाह्रो अफ्ट्यारोमा सहयोग गर्ने उद्देश्यका साथ अमेरिका वासी झापालीहरूको तथ्यांक संकलन गर्ने कार्य शुरू गरेको हुनाले सम्पूर्ण झापालीहरूलाई www.jhapali.org मा गइ आफू र अरूलाई पनि फर्म भर्न प्रेरित गर्न झापाली समाज यु.एस.ए. अनुरोध गर्दछ। संस्था एक अमुर्त वस्तु हो, यसले आफैं केही गर्न सक्दैन जसलाइ जिवन्तता दिइ उद्देश्य पूर्ती गर्न तपाइँ हामी सवैको सहकार्य र सहयोगको जरूरी छ।

## समाजका पदाधिकारीहरू (२०२०)

**सल्लाहकारहरू:**

प्रा.डा.गोपी उप्रेती, डा.शम्भु ढुंगाना, प्रेम संग्रौला
डा.मदन उप्रेती, हेम पाठक, डा.दिनेश मैनाली

**अध्यक्ष**
मुकुन्द ढुंगाना

**वरिष्ठ उपाध्यक्ष**
यमुना भट्टराइ

**उपाध्यक्षहरू:**
सीता पाण्डे, प्रदिप तिम्सिना
नारायण शिवाकोटी, नविन पोखरेल

**महासचिव**
निलम विमली

**सचिव**
युवराज खतिवडा

**कोषाध्यक्ष**
युवराज खनाल

**सदस्यहरू:**

| | | |
|---|---|---|
| डिल्ली थापा | डा.भेषराज मैनाली | डा.लीला खतिवडा |
| डा.खगेन्द्र दाहाल | मोहन निरौला | कविन्द्र सिटौला |
| टिका पौडेल | प्रशन्न सङ्ग्रौला | मञ्जु सङ्ग्रौला |
| वेद वस्नेत | दिपक पाण्डे | विकास उप्रेती |
| सावित्रा भण्डारी ओली | | कृष्ण खतिवडा |
| मोहन उप्रेती | डा.पर्शुराम दाहाल | सुर्य प्रसाई |

**संस्थाका कार्यक्रमहरूमा सहयोग गर्न Zelle मार्फत संस्थाको इमेल info@jhapali.org मा वा संस्थाको ठेगानामा वैंक चेक पठाएर वा समाजको वेवसाइट www.jhapali.org मार्फत Paypal बाट रकम जम्मा गर्न सकिनेछ।**


अर्जुनधारा धाम, झापा ।



कोभिड सहयोग हस्तान्तरण कार्यक्रम



समाजको सहयोगमा सञ्चालित एम्वुलेन्स